☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८०/०८१
च.नं.

कृषि जैविक विविधता संरक्षण कार्यक्रमको प्रस्ताव माग सम्बन्धि सूचना ।

सूचना प्रकाशित मिति २०८०/१०/१०

कावासोती नगरपालिकाको आ.व.२०८०/८१ का लागी स्वीकृत संघीय सशर्त बार्षिक कृषि कार्यक्रम अनुसार कृषि जैविक विविधता संरक्षण कार्यक्रम रहेको र उक्त कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छि विकास मन्त्रालयवाट जारि गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास सम्बन्धि कार्यक्रम संचालन कार्यविधि २०८०अनुसार लागत साझेदारीमा तपशिलका कार्यक्रमहरु संचालन गरिने हुँदा इच्छुक कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समितिहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरि मिति २०८०/१०/२५ गते भित्र कावासोती नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेस हुन् नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल :

| क्र.स. | कार्यक्रम | प्रस्ताव पेश गर्न सक्ने लाभग्राहि | कैफियत |
|---|---|---|---|
| १ | रैथाने बालीको जैविक विविधता प्रदर्शनी स्थापना | कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समिति | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास सम्बन्धि कार्यक्रम संचालन कार्यविधि २०८० अनुसार अनुदान प्रदान गरिनेछ । |
| २ | सामुदायिक बीउ बैंकको क्षमता विकास एवं सुदृधिकरण कार्यक्रम | कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समिति | |
| ३ | बीउ पुजी कोष स्थापना कार्क्रम | कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समिति | |

आवस्यक कागजातहरु:

१. माग निवेदन १ प्रति
२. कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समिति दर्ताको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. प्यान नम्बर दर्ता प्रमाणपत्र प्रतिलिपि
५. लेखा परिक्षण प्रतिवेदन
६. कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/समितिको बैठक निर्णयको प्रतिलिपि
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र प्रतिलिपि
८. प्रतिवद्धता पत्र
९ सम्बन्धित वडा कार्यालयको सिफारिस

थप जानकारीको लागि मो.न.९८६५६५०८६१, ९८४३६८९१५९मा सम्पर्क गर्न सकिने छ ।

.............................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत